जिल्ला विकास समिति महासंघ नेपालको

# वित्तीय दिगोपना नीति तथा योजना, २०६४

## Financial Sustainability Policy and Plan of ADDCN, 2007

*मिति २०६४ साल आषाढ १४ गतेको जिल्ला विकास समिति महासंघ नेपालको*

*४५ औं बैठकबाट पारित*

**जिल्ला विकास समिति महासंघ नेपाल**

**आषाढ २०६४**

## १. पृष्ठभूमिः

जिल्ला विकास समिति महासंघ नेपाल अधिराज्यभरका ७५ वटै जिल्ला विकास समितिहरुको छाता संगठन हो । महासंघ राष्ट्रिय निर्देशन ऐन २०१८ अन्तरगत मन्त्रीपरिषदको निर्णय अनुसार २०५२ सालमा जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा दर्ता भएको छ । यो एक अविछिन्न उत्तराधिकारवाला मूनाफा रहित एक स्वशासित र संगठित संस्था हो । यसले सदस्य जिविसहरुलाई समयानुकूल सेवा प्रदान गर्ने तथा विकेन्द्रीकरण, लोकतन्त्र, विकास र स्थानीय सरकारको हितमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय मञ्चहरुमा वकालती कार्य गर्दै आएको छ । यो संस्था स्थापना कालदेखि नै जिविसहरुको प्रतिनिधिमूलक संस्थाको रुपमा उनीहरुकै हितमा निरन्तर कार्य गर्दै आएको छ ।

महासंघको संस्थागत विकासमा सहयोग पुगोस् भन्ने उद्देश्यले जिल्ला विकास समिति महासंघ नेपालको कार्य सम्पादन मूल्याङ्कन अध्ययन प्रतिवेदन (अक्टोबर २००६) तयार भएको छ । उक्त कार्यसम्पादन लेखाजोखा प्रतिवेदनले जिविस महासंघ नेपालको वित्तीय दिगोपना नीति तथा कार्ययोजना बनाई लागु गर्नु आवश्यक भएको सुझाव समेत दिएको सम्वन्धमा औंल्याएको महत्वपूर्ण पक्षहरुलाई केन्द्रमा राखेर यो ***जिविस महासंघ नेपालको वित्तीय दिगोपना नीति तथा योजना, २०६४*** **[Financial Sustainability Policy and Plan of ADDCN, 2007]** तर्जुमा गरी जिविस महासंघ नेपालको कार्यसमितिको मिति २०६४ आषाढ १४ गतेको बैठकको निर्णय अनुसार पारित गरी लागु गरिएको छ ।

## २. औचित्य

जिल्ला विकास समिति महासंघ नेपालले सञ्चालन गरेका कार्यक्रमहरु तथा यसले विकेन्द्रीकरणको प्रक्रिया र स्थानीय सरकारहरुको सुदृढीकरणमा देखाएको प्रतिवद्धताले स्थानीय स्वायत्त शासनका पक्षमा वकालत गर्न सक्ने संस्थाको रुपमा आफुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान गराउन सफल भएको छ । आगामी दिनमा पनि विकेन्द्रीकरण प्रक्रियालाई प्रवर्धन र संस्थागत गर्न, केन्द्र सरकार र स्थानीय सरकारकाबीचमा समन्वय र वार्ता गर्न, स्थानीय सरकारहरुको प्रतिनिधित्व तथा उनीहरुको पक्षमा वकालत गर्न साथै स्थानीय

सरकारको क्षमता अभिबृद्धिका क्षेत्रमा सहयोग गर्नका लागि जिल्ला विकास समिति महासंघ नेपालको भूमिका अझ बढी सशक्त हुन जरुरी छ ।

आफ्नो स्थापना कालदेखिनै जिविस महासंघ नेपालले नेपाल सरकारले गठन गरेका विभिन्न आयोग, समिति, उपसमितिहरुमा संस्थागत प्रतिनिधित्व गर्दै आएको छ । त्यसै गरी विभिन्न दातृ निकायहरुको Project Advisory Committee तथा Project Management Committee (PAC/PMC) हरुमा समेत जिविसहरुको तर्फबाट प्रतिनिधित्व गर्दै आएको छ । यसबाट बिकेन्द्रीकरणको प्रवर्धन, सम्वर्धन तथा जिविसहरुको क्षमता अभिबृद्धिका क्षेत्रमा जिल्ला विकास समिति महासंघ नेपालले पुऱ्याउदै आएको योगदानको औचित्य र महत्व सावित हुन पुगेको छ । तथापि जिल्ला विकास समिति महासंघ नेपालको नियमित र भरपर्दो वित्तीय स्रोतको अभावका कारण यसले सधै कठिन अवस्थाबाट गुज्रनु पर्ने स्थिति विद्यमान रहेको छ । तसर्थ कमसेकम आवश्यक प्रशासनिक खर्च तथा केही नियमित कार्यक्रमहरु संचालन गर्न सक्ने किसिमको सवल वित्तीय अवस्था स्थापित गर्न जरुरी भएकोले जिविस महासंघ नेपालको लागि वित्तीय दिगोपना नीति तथा योजना तर्जुमा गरी लागु गर्न आवश्यक भएको छ ।

**३. उद्देश्य :**

जिल्ला विकास समिति महासंघ नेपालले आन्तरीक श्रोतको अधिकतम परिचालन गर्दै दातृ निकायहरुमाथिको परनिर्भरता न्यून गरी दिगो, नियमित र सवल आर्थिक अवस्था स्थापित गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो वित्तीय दिगोपना नीति तथा योजना तर्जुमा गरिएको छ । यस वित्तिय दिगोपना नीति तथा योजनाले जिविस महासंघ नेपालको देहायका उदेश्य हासिल गर्नमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

१. सदस्य जिविसहरुको क्षमता विकासमा सहयोग पुऱ्याई जनतालाई समयानुकुल प्रभावकारी सेवा प्रदान गर्न उनीहरुको कार्य कुशलतामा अभिबृद्धि गर्नका लागि सहयोग पुऱ्याउने,

२. लोकतन्त्र, विकेन्द्रीकरण र बलियो स्थानीय सरकारहरुको गठन तथा प्रवर्धन गर्नका लागि राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय मञ्चहरुमा एडभोकेसी तथा लवी कार्यलाई प्रभावकारी तुल्याउने ।

**४. वित्तीय दिगोपना नीति :**

माथि उल्लेखित उद्देश्य प्राप्तिका लागि जिल्ला विकास समिति महासंघ नेपालले आफ्नो वित्तीय दिगोपनाका लागि देहाएका नीतिहरु अवलम्वन गर्नेछ,

१) सदस्य जिल्ला विकास समितिहरुको क्षमता अभिबृद्धि र विकेन्द्रीकरणको माध्यमद्धारा स्थानीय सरकारतहमा स्रोत साधनको पूर्ण निक्षेपणका लागि प्रभावकारी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न आवश्यक भूमिका खेल्ने नीति लिइनेछ । यस्ता कार्यक्रम र गतिविधिहरु सञ्चालन गर्नका लागि सदस्य जिल्ला विकास समितिहरुसंग साझेदारी गर्ने नीति लिइनेछ ।

२) विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनका क्षेत्रमा समान धारणा भएका सबै दातृ निकाय, अन्तर्राष्ट्रिय गैससहरु आदिसंग सहकार्य तथा साझेदारीका क्षेत्रहरु निरन्तर गर्ने र थप विस्तार गर्दै जाने नीति लिइनेछ ।

३) महासंघका नाममा परामर्श सेवामा संलग्न परामर्शदाताहरुबाट संस्थागत विकासका लागि तोकिएको सेवाशुल्क लिने नीति अवलम्वन गरिनेछ ।

४) सदस्य जिल्ला विकास समितिहरुबाट बार्षिक रुपमा नियमति सदस्यता शुल्क लिईनेछ । सदस्यता शुल्कको दरमा प्रत्येक ५ वर्षमा मुद्रा स्फिती‌को दरका आधारमा बृद्धि र समायोजन गर्दै लैजाने नीति लिइनेछ । सदस्यताका क्षेत्र तथा दरहरुमा समयानुकुल पुनरावलोकन गरी प्रगतिशील मापदण्ड तयार गरी लागु गरिने नीति लिइनेछ । सदस्यता शुल्कको रकम निर्धारण गर्दा सदस्यहरुको आन्तरिक आयको आधारमा निर्धारण गर्ने नीति लिइनेछ ।

५) सदस्यहरुले राजश्व बाँडफाँड वापत प्राप्त गर्ने रकमको समयानुकुल अभिबृद्धि र समयमै प्राप्तिका लागि निरन्तर वकालती र पक्षपोषण गर्ने र त्यस्तो रकमको तोकिएको अंश प्राप्त गर्नका लागि पहल गर्ने नीति लिइनेछ ।

६) महासंघको सम्पत्ति, श्रोत साधनको न्यायोचित र मितव्ययी प्रयोग, उपयोगको नीति लिइनेछ ।

७) नेपाल सरकारबाट बार्षिक अनुदानका लागि पहल गर्ने नीति लिइनेछ ।

८) सबै सदस्य जिल्ला विकास समितिहरुलाई समेट्ने ढंगले कार्यक्रम तय गरिने नीति लिइनेछ ।

९) जिविस महासंघ नेपालको सञ्चित कोषमा जम्मा भएको रकम तोकिएको प्रक्रिया अनुसार तोकिएका क्षेत्रमा लगानी गर्ने नीति लिइनेछ ।

## ५. वित्तीय दिगोपना कार्ययोजना :

जिल्ला विकास समिति महासंघ नेपालको विधानको उद्देश्य र भावना एवम् माथि उल्लेखित महासंघको वित्तीय दिगोपनाका उद्देश्य र नीतिको अधिनमा रही देहाएका कार्यक्रमहरु सञ्चालन गरिनेछ,

### (क) स्थानीय स्वायत्त शासनको प्रबर्द्धनका लागि पक्षपोषण तथा वकालती कार्य

१) राजनीतिक, आर्थिक र प्रशासनिक अधिकार सम्पन्न, स्वायत्त स्थानीय सरकारको स्थापना र संस्थागत विकासका लागि राष्ट्रिय वहस तथा नीतिगत निर्णय तहमा प्रभाव पार्ने कार्यक्रम सञ्चालन गरिनेछ । संविधानसभाबाट नयाँ संविधान तर्जुमा गर्ने र राज्यको पुनसंरचना गर्ने अन्तरिम संविधानको भावना र प्राबधान अनुसार अन्तरिम अवधिमा यस प्रक्रियालाई स्थानीय स्वायत्त शासनका पक्षमा प्रभावित तुल्याउनका लागि गतिविधि सञ्चालन गरिनेछ ।

२) संविधानसभाबाट बन्ने नयाँ संविधानमा स्वायत्त एवम् अधिकारसम्पन्न स्थानीय सरकारबारेको प्रष्ट संबैधानिक व्यवस्था गर्नका लागि उपयुक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३) लोकतान्त्रिक स्थानीय स्वायत्त सरकारको कानुनी एवम् संस्थागत व्यवस्थाका लागि वकालति तथा पक्षपोषण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४) स्थानीय सरोकारका ठूला योजनाहरु, राष्ट्रिय नीति तर्जुमा लगायतका सदस्यहरुका साझा सरोकारका मुद्दाहरुमा वकालति, पक्षपोषणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(ख) सदस्य जिल्ला विकास समितिहरुको क्षमता विकास कार्य**

१) सदस्य जिल्ला विकास समितिका पदाधिकारी एवम् कर्मचारीहरुको स्थानीय स्वायत्त शासनका विभिन्न विषयक्षेत्रहरु (नेतृत्व विकास, कार्यालय व्यवस्थापन, श्रोत व्यवस्थापन, जनमुखी र पारदर्शी लेखा प्रणाली, योजना तर्जुमा, समावेशीकरण, आदि) मा सदस्यहरुको आवश्यकता अनुसार तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२) स्थानीय सरकार तहमा साधन श्रोतको निक्षेपण, साधन श्रोतको पहिचान, परिचालन, उपयोग एवम् बाँडफाँडका लागि उपयुक्त सीप हस्तान्तरण गर्ने, वकालती र पक्षपोषण गर्ने, समन्वय गर्ने, अनुभवको आदानप्रदान गर्ने र कार्यविधिगत सरलता ल्याउनका लागि सघाउ पुऱ्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

३) जनताको जीवनस्तरमा सुधारका लागि आर्थिक प्रगति र विकासका क्षेत्रमा सदस्य जिल्ला विकास समितिहरुको ध्यानाकर्षण गराउने तथा क्षमता विकासमा सघाउ पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४) माथि उल्लेखित कार्यक्रमहरु प्रभावकारीरुपमा सञ्चालन गर्न गराउनका लागि सदस्य जिल्ला विकास समितिहरुसंग साझेदारी गर्ने र सेवाशुल्क स्वरुप तोकिए वमोजिमको रकम लिइनेछ ।

५) माथि उल्लेखित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि जिविस महासंघ नेपालको वित्तीय दिगापना कार्ययोजना देहाए वमोजिम हुनेछ,

**५.१ सदस्यता शुल्कमा समयानुकुल बृद्धि गर्दै जाने :**

५.१.१ सदस्य जिल्ला विकास समितिहरुबाट बार्षिकरुपमा प्राप्त हुने सदस्यता शुल्कको रकम देहाय बमोजिम संकलन गर्ने नीतिगत व्यवस्था गर्ने,

क. आन्तरीक श्रोत १० लाखसम्म हुने जिविसबाट बार्षिक रु. १० हजार ।

ख. आन्तरीक श्रोत १० लाख भन्दा माथि ५० लाखसम्म हुने जिविसहरुबाट न्यूनतम रु. १००००.०० सहित १० लाख भन्दा माथिको प्रत्येक रु १,००,०००.०० मा रु. २०० थप ।

ग. आन्तरीक श्रोत रु. ५० लाख भन्दा माथि एक करोडसम्म हुने जिविसहरुबाट न्यूनतम रु. १८०००.०० सहित ५० लाख भन्दा माथिको प्रत्येक रु १,००,०००.०० मा रु. १५० थप ।

घ. आन्तरीक श्रोत रु. एक करोडदेखि ३ करोडसम्म हुने जिविसहरुबाट न्यूनतम रु. २५,५००.०० सहित १ करोडभन्दा माथिको प्रत्येक रु १,००,०००.०० मा रु. १०० थप ।

ङ. आन्तरीक श्रोत रु. ३ करोडदेखि माथि जतिसुकै हुने जिविसहरुबाट न्यूनतम रु. ४५,०००.०० सहित ३ करोडभन्दा माथिको प्रत्येक रु १,००,०००.०० मा रु. ५० थप ।

५.१.२ उल्लेखित वमोजिमको सदस्यता शूल्कको पूनः निर्धारणका लागि आवश्यक प्रस्ताव तयार गरी जिविस महासंघ नेपालको परिषद्मा पेश गरिनेछ । जिविस महासंघ नेपालको परिषद्बाट अनुमोदन भए पछि मात्र माथि प्रस्ताव गरिए अनुसार सदस्यत शुल्क कार्यान्वयनमा आउनेछ ।

**द्रष्टव्य :** आन्तरिक श्रोत भन्नाले कर, दस्तुर, सेवाशुल्क, बिक्री जस्ता स्थानीय आयबाट प्राप्त आम्दानीलाई बुझाउनेछ ।

## ५.२ राजश्व बांडफांड वापतको केही अंश रकम प्राप्त गर्न पहल गर्ने :

५.२.१ राजश्व बाँडफाँड वापतको रकमको प्रस्ताव तयार गर्ने,

(क) जिविसलाई निसर्त प्राप्त हुने बजेट रकमको १ प्रतिशत रकम महासंघलाई दिने लिने ब्यवस्था गर्न पहल गर्ने ।

(ख) जलविद्युत, बन तथा पर्यटन क्षेत्रबाट प्राप्त हुने राजश्वको ०.५ प्रतिशत महासंघले पाउने व्यवस्थाका लागि पहल गर्ने ।

(ग) सरकारलाई स्थानीय निकायहरुको तालिम सम्वन्धी बजेटहरु उपलव्ध गराउन अनुरोध गर्ने ।

५.२.२ राजश्व बाँडफाँड वापतको रकमको केहि अंश जिल्ला विकास समिति महासंघ नेपालले पाउने व्यवस्था गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन नियमावलीमा आवश्यक संशोधनका लागि पहल गर्ने ।

## ५.३ नेपाल सरकारबाट बार्षिक अनुदान प्राप्त गर्नका लागि पहल गर्ने :

जिल्ला विकास समिति महासंघ नेपालले विकेन्द्रीकरणको प्रवर्धन र स्थानीय सरकारको सशक्तिकरणकरणमा स्थानीय विकास मन्त्रालयसँग स्थापना कालदेखिनै सहकार्य गर्दै आएको छ । जिविस महासंघको संस्थागत विकासमा नेपाल सरकारको महत्वपूर्ण भूमिका रहने हुँदा बार्षिकरुपमा नियमित अनुदानको व्यवस्था गर्न नेपाल सरकार तथा स्थानीय विकास मन्त्रालयसँग पहल गर्ने ।

**५.४ दातृ निकायसंगको सहकार्य र साझेदारी विस्तार गर्ने :** विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनका क्षेत्रमा समान धारणा भएका सबै दातृ निकाय, अन्तर्राष्ट्रिय गैससहरु आदिसंग सहकार्य तथा साझेदारीका क्षेत्रहरु निरन्तर गर्ने र थप विस्तार गर्दै जाने नीति लिइनेछ । यसका लागि,

५.४.१ विकेन्द्रीकरणको प्रवर्धन र जिविस हरुको कार्यकुशलता अभिबृद्धिकालागि कार्य गर्ने सबै दातृ निकायहरुसँग साझेदारी र कार्यगत एकता स्थापित गर्न पहल गरिनेछ । जिविस महासंघ नेपालको संस्थागत विकास र कार्यक्रम व्यवस्थापनका लागि विभिन्न विषयगत क्षेत्रमा प्रस्ताव तयारी गर्ने, दातृ निकायमा पेश गर्ने र आपसी छलफललाई अगाडि बढाइनेछ ।

५.४.२ जिल्ला विकास समिति महासंघ नेपालले स्थापनाकालदेखिनै दातृनिकायहरुसँगको सहकार्यमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । आगामी दिनमा पनि जिविस महासंघ नेपाललाई अझैबढी प्रभावकारी सेवा प्रदान गर्नु पर्ने चुनौतीहरु विद्यमान रहेकोले एउटै मात्र दातृ संस्थाको

सहयोगमा निर्भर नरही सबै दातृ निकायहरुसँगको सहकार्यलाई अझ बढी प्रभावकारी बनाउन पहल गरिनेछ ।

**५.५ परामर्श सेवालाई व्यवस्थित गर्ने :** महासंघका नाममा परामर्श सेवामा संलग्न परामर्शदाताहरुबाट संस्थागत विकासका लागि तोकिएको रकम प्राप्त गर्ने नीति लिइनेछ । परामर्श सेवा प्रदान गरेवापत तोकिएको सेवा शुल्क लिइनेछ । यसका लागि,

५.५.१ सदस्य जिल्ला विकास समिति वा अन्य कुनै सरोकारवाला निकाय, व्यक्तिहरुलाई स्थानीय स्वायत्त शासनका कुनै विषयक्षेत्रमा सेवा प्रदान गरेवापत तोकिएको सेवाशुल्क लिइनेछ ।

५.५.२ कुनै आयोजना परियोजना गर्नका लागि चाहिने परामर्शदाता, विज्ञ तथा सहायक जनशक्तिको पारिश्रमिकको दर सहमति र सम्झौता वमोजिम निर्धारण गरिनेछ ।

५.५.३ परामर्श सेवामा संलग्न कर्मचारी पदाधिकारीबाट महासंघले संस्थागत योगदान वापत तल उल्लेखित रकम प्राप्त गर्नेछ :

(क) परामर्श सेवामा कार्यरत महासंघका कर्मचारीहरुले प्राप्त गरेको कुल रकमको नियमानुसार आयकर कट्टा गरे पछिको बाँकी रकमको ४० प्रतिशत रकम संस्थागत योगदान स्वरुप जिविस महासंघ नेपाललाई बुझाउनुपर्ने । महासंघलाई प्राप्त संस्थागत योगदान वापतको कुल ४० प्रतिशत मध्येको ५ प्रतिशत परियोजनामा अप्रत्यक्षरुपमा सम्लग्न अन्य कर्मचारीहरु वीच समानुपातिक ढंगले वितरण गरिनेछ ।

(ख) परामर्श सेवामा संलग्न महासंघका पदाधिकारीहरुले प्राप्त गरेको कुल रकमको १० प्रतिशत रकम संस्थागत योगदान स्वरुप जिविस महासंघ नेपाललाई बुझाउनुपर्ने ।

(ग) वाह्य परामर्शदाताबाट महासंघको तर्फबाट सेवा लिए वापत १० प्रतिशत सेवाशुल्क लिइनेछ । तर यस कुराले वाह्य परामर्शदाताहरुसंग छलफल गरी सम्झौता गर्दा अपनाइने प्रक्रियालाई वाधा पारेको मानिनेछैन ।

५.५.४ कुनै दातृ निकायसंग भएको सम्झौता वमोजिम कार्य गर्न तोकिएका कर्मचारीहरुको हकमा सम्झौता वमोजिम नै हुनेछ ।

५.५.५ जिविस महासंघ नेपालले कुनै दातृ निकाय संघ संस्थासंग साझेदारी आयोजना वा  कार्यक्रम गर्दा संस्थागत ओभरहेड दावी गर्नेछ ।

५.५.६ संस्थाको ओभरहेड तोक्दा परियोजना आयोजनाको प्रकृति अनुसार आपसी सम्झौता वमोजिम हुनेछ ।

५.५.७ परामर्श सेवाबाट प्राप्त रकम देहायबमोजिमका क्षेत्रमा खर्च गरिनेछ,

(क) जिविस महासंघको पूँजि निर्माणका क्षेत्रमा

(ख) कार्यालयको सुदृढीकरणका क्षेत्रमा

(ग) कर्मचारीहरुको हितका क्षेत्रमा

(घ) पदाधिकारी तथा कर्मचारीहरुको मानवसंसाधन विकासका क्षेत्रमा

**५.६ महासंघको सम्पत्ति, श्रोत साधनको न्यायोचित र मितव्ययी उपयोग गरिने :** महासंघको सम्पत्ति, श्रोत साधनको न्यायोचित र मितव्ययी प्रयोग, उपयोगको नीति लिइनेछ । यसका लागि पदाधिकारी तथा कर्मचारीहरुको सेवा सुविधा सम्वन्धी छुट्टै विनियमावली बनाई ब्यवस्थित गरिनेछ ।

**५.७ संचित कोष सञ्चालन गर्ने :** जिविस महासंघ नेपालको सञ्चित कोषमा जम्मा गरी तोकिएको प्रक्रिया अनुसार तोकिएका क्षेत्रमा लगानी गर्ने नीति लिइनेछ ।

(क) जिल्ला विकास समिति महासंघ नेपालको संचितकोषको नाममा जम्मा भएको रकम नेपाल राष्ट्र बैंकले वर्गीकरण गरेको क वर्गको बैंकमा मुद्धती/वचत खाता खोली ब्याज प्राप्त गरिनेछ ।

(ख) कोषमा जम्मा भएको रकम समितिको स्वीकृति लिई कार्यकारी महासचिवले नेपाल सरकारबाट स्वीकृति प्राप्त सूचिकृत वित्तीय संघ संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको डिभेञ्चर, ऋणपत्र, जमानतापत्र वा बचतपत्रमा लगानी गर्न सक्नेछ ।

(ग) कोषमा जम्मा भएको रकम जिल्ला विकास समिति महासंघ नेपालको नाममा भौतिक सम्पत्तिहरु (घरजग्गा) खरीद गर्न सकिनेछ ।

*****   ***   *****